# गैडाकोट नगरपालिका
# नगर कार्यपालिकाकोकार्यालय
गैडाकोट, नवलपरासी

## सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मिति २०७४/१२/१३**

यस नगरपालिकाको विभिन्न स्थानमा सडक बोर्ड नेपाल र गैंडाकोट न.पा. सझेदारीमा तपशिलकाका स्थानमा सडक मर्मत गर्नु पर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त ईच्छुक फर्म/ कम्पनी/ संस्थाले देहायको शर्तहरुको अधिनमा रही तोकिएको समय भित्र रितपूर्वक शिलबन्दी दरभाउपत्र पेश गर्न यो सूचना पेश आव्हान गरिएको छ।

१. सिलबन्दी दरभाउपत्र को प्रथम पटक विजय खबर पत्रिकामा प्रकाशित मितिले १५ औ दिन भित्र कार्यालय समयमा नविकरण भएको इजाजत पत्र, मूल्य अभिबृद्धि कर दर्ता भएको प्रमाणपत्र , स्थायी लेखा नं. ( PAN) दर्ता प्रमाण पत्र,आ.व २०७३/०७४ सम्मको कर चुक्ता गरेको प्रमाणपत्र सम्वन्धी कागजात सहितको प्रमाणित प्रतिलिपिहरु संलग्न राखी निवेदनका साथ तपशिलमा उल्लेखित रकम (पछि फिर्ता नहुने गरी) गैंडाकोट नगरपालिका को राजश्व शाखामा बुझाई यस कार्यालयमा आफै आई वा आफ्नो आधिकारिक प्रतिनिध पठाई निवेदन दिई सिलबन्दी दरभाउपत्र खरिद गर्न सकिनेछ।

२. खरिद गरिएका सिलबन्दी दरभाउपत्र फारमहरुको महलहरु स्पष्ट रुपमा भरि सिलबन्दी दरभाउपत्र को प्रत्येक पानामा सहिछाप गरि ७५ दिन म्याद भएको जमानी पत्र (विड वण्ड) वा यस कार्यालयको नाममा राष्ट्रिय बाणिज्य बैक गैडाकोट शाखामा रहेको ३३५०३०३००७१०२ खातामा धरौटी वापतको रकम जम्मा गरेको सक्कलै बैक भौचर सिलबन्दी दरभाउपत्र का साथ संलग्न राखि यस कार्यालयमा दर्ता गराउनुपर्नेछ।

३. प्रथम पटक सूचना प्रकाशित मितिले १६ औ दिनको दिन १२.०० बजे भित्र यस कार्यालयमा शिलबन्दी दरभाउपत्र दर्ता गर्नुपर्नेछ। सिलबन्दी दरभाउपत्र खरिद तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएको खण्डमा उक्त दिनको लगतै (कार्यालय खुलेको दिन) सोहि समय भित्र खरिद र दाखिला गर्न सकिने छ।

४. दर्ता भएको सिलबन्दी दरभाउपत्र १६ औ दिन दिनको २.०० बजे यस कार्यालयमा सिलबन्दी दरभाउपत्र दाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ। सिलबन्दी दरभाउपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि सिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन।

५. दररेट पेश गर्दा प्रत्येक आइटममा अंक र अक्षर दुवैमा प्रष्ट लेख्नुपर्नेछ। अंक र अक्षर फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईने छ। साथै रित नपुगेका, म्याद नाघि आएको वा अन्य कुनै शर्त राखिएको सिलबन्दी दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन। जुन फर्मको नामबाट सिलबन्दी दरभाउपत्र खरिद गरिएको हो सोही फर्मको नाममा मात्र सिलबन्दी दरभाउपत्र दाखिला गर्न पाईने छ।

६. यसमा उल्लेख भएको कुराहरुको हकमा यसै बमोजिम र यसमा उल्लेख नभएको हकमा अन्य कार्यविधिहरु सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ र अन्य प्रचलित ऐन कानुन अनुसार हुनेछ।

७. सिलबन्दी दरभाउपत्र पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने अधिकार यस नगरपालिका कार्यालमा निहित रहनेछ।यस सम्बधि अन्य कुरा बुझ्न परेमा यस नगरपालिका कार्यालयको प्राबिधिक शाखामा कार्यालय समयभित्र सम्पर्क गरि बुझ्न सकिनेछ।

**तपशिल**

| क्र.स | कामको बिवरण र स्थान | ल.ई रकम मु.अ.क. बाहेक | सिलबन्दी दरभाउपत्रको फारम दस्तुर | धरौटी रकम रु | ठेक्का नं. |
|---|---|---|---|---|---|
| १ | शिलान्यास चोक नर सिंह दिब्यधाम सम्म वार्ड.नं.-१ | ४८२,४२३.११ | १०००।- | 12,061 | GM/SQ-02/074-75 |
| २. | मौलाकालिका मार्ग वार्ड नं.-२ | ५५१,३४०.७० | १०००।- | 13,784 | GM/SQ-03/074-75 |
| ३. | लालीगुराँस मार्ग वार्ड नं.-२ | ८२७,०११.०५ | १०००।- | 20,675 | GM/SQ-04/074-75 |
| ४. | अम्बिकादेवी मार्ग वार्ड नं-५ | ७७१,८७६.९८ | १०००।- | 9,297 | GM/SQ-05/074-75 |
| ५. | जयश्री मार्ग वार्ड नं.-९ | ४९६,२०६.६३ | १०००।- | 12,405 | GM/SQ-06/074-75 |
| ६. | नन्दन देखि सानो बिजय चोक वार्ड नं.-८ | १,२४०,५१६.५८ | १०००।- | 31,013 | GM/SQ-07/074-75 |